# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश,

सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०८१६


## लघुउद्यम विकाश सहजकर्ता करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति : २०७७/०८/१६

**सङ्घीय सरकारबाट** यस कार्यालयमा प्राप्त सशर्त तर्फ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( **मेडपा)** सञ्चालनका लागि आवश्यक लघुउद्यम विकाश सहजकर्ता करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता **पुगेका इच्छुक नेपाली नागरिकहरु**ले १० दिनभित्र माग. बमोजिमको विवरण र राजस्व तिरेको भौचरसमेत संलग्न गरी **यस कार्यालयमा निवेदन** पेश गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | तह |
|---|---|---|---|---|
| १ | ०६/०७७/०७८ | उद्यम विकाश सहजकर्ता | २ (दुई) | स्थानीय सेवाको चौथो तह सरह |

**१. आवश्यक न्युनतम योग्यताः**

**(क) प्राविधिक तथा व्यवसायीक** तालिम परिषद् (CTEVT) बाट उद्यम विकाश सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष **उत्तीर्ण गरेको वा सीप परिक्षण** तह २ वा ३ उत्तीर्ण गरेको वा प्राविधिक प्रवेशिका (टी.एस.एल.सी.) उत्तीर्ण गरेको ।

**(ख) नेपाली नागरीक** हुनुपर्ने, दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

**(ग) करार सेवाको लागि कुनै** कानुनले अयोग्य नठहरिएको ।

**(घ) साथै लघु उद्यम विकास** कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ६ को खण्ड क बमोजिम योग्यता भएका, **श्रम सुचना बैंकमा सुचिकृत** भएका र अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**२. दरखास्त फारम पाइने स्थान :** टीकापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय प्रशासन शाखा वा **नगरपालिकाको** वेबसाइट tikapurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**३. दरखास्त दस्तुर :** रु.३०० (तिन सय) टीकापुर नगरपालिकाको नेपाल बैंक लिमिटेड शाखा कार्यालय, टीकापुरमा **रहेको आन्तरिक राजश्व खाता** नं.१०७०३०००००१००१००००० मा वा नगर कार्यपालिकाको कार्यालयको राजस्व **उपशाखामा तोकिएको** दस्तुर तिरेको नगदी रसिद ।

**४. छनौटको किसिम :** संक्षिप्त सुचि र अन्तर्वार्ता ।

**५. सेवा सुविधा :** स्थानीय सेवाको चौथो तह सरहको ।

**६. पदले सम्पादन गर्नु पर्ने काम :** संङ्घीय सरकारको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ बमोजिम ।

**७. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, २ प्रति पासपोर्ट साईजको फोटा, अनुभव खुल्ने कागजातहरु ।

**८. अन्य थप जानकारीको लागि :** टीकापुर नगरपालिकाको वेबसाइट tikapurmun.gov.np वा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

..........................
मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत